# मानव अधिकार-पत्र
# Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार आयोग

वर्ष ३, अंक १ | राष्ट्रिय मानव अधिकार आयोगको द्वैमासिक बुलेटिन | २०७४ साउन-भदौ


# स्थानीय निकायका नव-निर्वाचित पदाधिकारीलाई मानव अधिकार अभिमुखीकरण शुरू






*व्यवस्थापिका-संसद्का सांसद् विकास लम्साल र आयोगका सदस्य गोविन्द पौड्याल पर्वतमा आयोजित कार्यक्रमको संयुक्त रूपमा उद्घाटन गर्दै (दाँया) आयोगका सदस्य पौड्याल पर्वतको फलेवासमा आयोजित कार्यक्रममा मन्तव्य राख्दै (बाँया) ।*

**पर्वत ⁄ कास्की**

स्थानीय निकायका नव-निर्वाचित पदाधिकारीहरूले अर्धन्यायीक अधिकारक्षेत्र प्राप्त गरेको र मानव अधिकारसँग सम्बन्धित विवादको समेत निरुपणको साथै विकास निमार्णको कार्यलाई समेत अघि बढाउनुपर्ने जिम्मेवारी पालना गर्दा मानव अधिकारका सवाललाई आत्मसात गरी विकास निमार्णको कार्य अगाडि बढाउने सम्बन्धमा आयोगको सदस्य र सांसद् सम्मिलित उच्चस्तरीय टोलीले पर्वत र कास्की जिल्लामा स्थानीय निकायकाका निर्वाचित पदाधिकारीहरूलाई अभिमुखीकरण प्रशिक्षण गरेको छ। आयोगले यस प्रकारका कार्यक्रमलाई सात वटै प्रदेशमा विस्तार गरी स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिहरूलाई मानव अधिकार मुखी प्रशिक्षण दिने उद्देश्य राखेको छ।

स्थानीय निकायअन्तर्गतका निकायहरू महानगरपालिका, नगरपालिका र गाँउपालिकामा समेत कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाअन्तर्गतका कामहरू गर्न स्थानीय निकायहरूलाई संविधानले जिम्मेवार र उत्तरदायी बनाएको छ । सोहीबमोजिम स्थानीय निकायले नागरिकका मानव अधिकार संरक्षण र सम्वर्द्धनमा बढी क्रियाशील हुन आवश्यक छ । स्थानीयनिकायहरूबाट नै जनताका आधारभूत अधिकार घरदैलोमा पुग्ने, छिटोछरितो रूपमा जनतालाई सेवा प्रवाह गर्ने, आफ्नो क्षेत्रको विकास निर्माणमा उल्लेख्य योगदान हुन सक्ने देखिएकाले आयोगले पर्वत तथा पोखराबाट नव-निर्वाचित पदाधिकारीको लागि अभिमुखीकरण शुरू गरेको हो ।

पर्वतमा सम्पन्न सो कार्यक्रमको उद्घाटन आयोगका सदस्य गोविन्द शर्मा, पौड्याल र व्यवस्थापिका-संसद्का सांसद् विकास लम्सालले संयुक्त रूपमा गर्नुभएको थियो । उद्घाटन पछि प्रमुख अतिथि तथा आयोगका सदस्य पौड्याले स्थानीय निकायहरूमार्फत हुने विकास निर्माणमा जनताका आधारभूत

मानव अधिकारलाई केन्द्रविन्दुमा राखी विकास गर्ने पद्धतिबाट नै दिगो विकास सम्भव छ। आयोगको दुरदृष्टि सबैका लागि घरघरमा मानव अधिकार:शान्ति र विकासको आधारलाई स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिबाट कार्यक्रमकै रूपमा अगाडि बढाउने प्रयास शुरू गरेको उल्लेख गर्नुभयो। स्थानीय निकायका जनप्रतिनिधिले निर्वाचन हुनुपूर्व स्थानीयलाई दिएको आश्वासनलाई बेवास्ता नगरी जनताको अपेक्षाअनुसारको काम गर्नुपर्नेमा जोड दिँदै जनप्रतिनिधिले संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्न र स्थानीयनिकायको आवश्यकता हेरेर कानून निमार्ण गर्दै जनप्रतिनिधिहरूलाई दलीय घेरा र मोवाइलको घण्टीको अगाडि जनताको अपेक्षालाई भुल्न नहुनेमा उहाँको जोड थियो। जनप्रतिनिधिहरूले कानून प्रदत्त अधिकारहरूको प्रयोग गर्दा नागरिकका मानव अधिकारहरूमा पनि मुलतः सिमान्तकृत वर्ग, दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, उपभोक्ता तथा पछाडि पारिएका वर्गका अधिकारहरूलाई केन्द्रविन्दुमा राखी विकास निर्माण र जनताको अपेक्षा परिपूर्तिको लागि विशेष सक्रियता देखाउन निर्वाचित जनप्रतिनिधिहरूलाई आग्रह गर्नुभएको थियो। राष्ट्रिय कानूनअन्तर्गत संबिधान र ऐनमा नागरिकका अधिकारहरू सुनिश्चित गरेको भएता पनि कार्यान्वयन तहमा भने विभिन्न जटिलताहरू देखा परेकाले यसलाई सम्बोधन गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो। देशमा संविधान कार्यान्वयन हुन नसकेमा नागरिकहरूको हक अधिकार खोसिने बताउदै जनताको गाँस,वास र कपासको सुनिश्चित गर्न पनि संविधान कार्यान्वयनको आवश्यक रहेको उहाँको जोड थियो।

प्रमुख अतिथिको रूपमा रहनुभएका व्यवस्थापिका-संसद्का सांसद् लम्सालले संविधानले सबै वर्ग र क्षेत्रका नागरिकको अधिकार सुनिश्चित गरेको बताउँदै कसैले पनि अब आफ्नो आधारभूत अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था नआउने उल्लेख गर्नुभयो। जहाँ लोकतन्त्र छ, त्यहाँ मानिसको अधिकार हुने भन्दै लम्सालले संविधानले कुनै पनि समुदायका मानिसको अधिकार हनन् नगरेको प्रष्ट पार्नुभयो। उचित श्रम, अनकूल कार्यवातावरण, न्यायोचित् पारिश्रमिक, सामाजिक सुरक्षा लगायत सबै श्रम अधिकार सुनिश्चित भई उपयुक्त औद्योगिक सम्बध स्थपित गर्न सबैले प्रयत्न गर्नुपर्नेमा लम्सालको जोड थियो। उहाँले मानव अधिकार हनन् हुनुभन्दा पहिलेनै सजगता अपनाई मानव अधिकार हनन् हुनै नदिन आयोगलाई आग्रहसमेत गर्नुभयो। स्थानीय निकायका जनप्रतिनिधिहरूलाई जनताको घरघरमा मानव अधिकारको शिक्षा लिएर जानुपर्नेमा उहाँको विशेष जोड थियो।

दुवै कार्यक्रममा आयोगका उपनिर्देशक यज्ञप्रसाद अधिकारी तथा मानव अधिकार अधिकृत हरि ज्ञवालीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। दुई स्थानमा सम्पन्न कार्यक्रममा ४ नं. प्रदेशका पोखरा लेखनाथ महानगरपालिकाका मेयर, उपमेयर तथा वडा अध्यक्ष र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडा अ ध्यक्षहरूको सहभागिता रहेको थियो।

# आयोगको वार्षिक उत्सव सम्पन्न

**ललितपुर**

आयोगको सत्रौं वार्षिक उत्सव कार्यक्रम एक समारोहबीच गत २०७४ जेठ १३ गते सम्पन्न भएको छ। वार्षिक उत्सव कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सम्बोधान गर्दै तत्कालीन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा पुऱ्याएको योगदान तथा मानव अधिकार संस्कृतिको विकासमा खेलेको भूमिका प्रशंसनीय भएको बताउनुभयो। आयोगको स्वतन्त्रता र स्वायत्ततालाई कहीँबाट आँच आउन नदिन नेपाल सरकार सदैव प्रतिबद्ध रहेको जानकारी गराउनुभयो। राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिशहरू कार्यान्वयनमा प्राथमिकतामा दिएको र प्रत्येक वर्ष नेपाल सरकारले क्षतिपूर्ति, राहत र भरणपोषणमा बजेट वृद्धि गरेको, आरोपित व्यक्तिलाई विभागीय कारबाही गरिएको उहाँको भनाइ थियो। भर्खरै सम्पन्न स्थानीय निकाय निर्वाचनले संविधान कार्यान्वयनमा मद्दत पुग्नुका साथै राष्ट्रिय मानव अधिकार आयोगले स्थानीय निकायको निर्वाचनको पर्यवेक्षण र अनुगमन गरी प्राप्त सुझावमार्फत नेपाल सरकारलाई मानव अधिकार संरक्षणमा थप सहयोग पुग्ने उहाँको विश्वास थियो।

कार्यक्रममा आयोगका अध्यक्ष अनूपराज शर्माले मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्ने सम्बन्धी निर्देशिका मस्यौदा प्रारम्भ गरिएको उल्लेख गर्दै पीडित तथा साक्षीको सुरक्षा र संरक्षणसम्बन्धी निर्देशिकासमेत तर्जुमा भइरहेको जानकारी गराउनुभयो। देशमा भएका मानव अधिकार आन्दोलनको प्रमुख लक्ष्य समाजमा रहेका विभेद अन्त्य गरी चरम् गरिबी न्यूनीकरण र देशको चौतर्फी विकास गरी थप रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। यसको लागि राज्यका निकाय, दातृ निकायहरू, नागरिक समाज,पत्रकार, प्रवुद्ध वर्ग, पीडित पक्ष लगायत सबै सरोकारवालाबीच आपसमा हातेमालो गरी अगाडि बढ्न आवश्यक छ। मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सुनिश्चितताको लागि सहकार्यका साथ अगाडि बढ्न उहाँले सबैमा आग्रह गर्नुभयो।

कार्यक्रममा स्व.दयाराम परियार सम्मान पुरस्कारबाट सम्मानित महिला मानवअधिकारकर्मी नवजुल खान र भूमिहीन




*आयोगको वार्षिक उत्सव सम्पन्न*

दलित अधिकारकर्मी बलदेवराम लाई कार्यक्रमका सभाध्यक्ष एवम् आयोगका अध्यक्ष माननीय श्री अनूपराज शर्मा र कार्यक्रमका प्रमुख अथिति एवम् सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालद्वरा प्रमाणपत्र तथा दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालको प्रमुख आतिथि, आयोगका माननीय अध्यक्ष श्री अनूपराज शर्माको सभाध्यक्ष रहेको सो कार्यक्रममा सचिव वेदप्रसाद भट्टराईले आमन्त्रित अतिथिहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रम सञ्चालन मानव अधिकार अधिकृत हरिप्रसाद ज्ञवालीले गर्नुभएको थियो । कार्यक्रममा नेपाल सरकारका मन्त्री, माननीय न्यायधीश, माननीय सांसद्हरू,संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरू, आयोगका पूर्व-पदाधिकारीहरू, महामहिम राजदुतहरूको उपस्थिति रहेको थियो । त्यसै गरी नेपालस्थित संयुक्त राष्ट्रसङ्घका प्रतिनिधि, विभिन्न मिसनका पदाधिकारीहरू, नेपाल सरकारको उच्चपदस्थ अधिकारीहरू, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू, विभिन्न पेशागत सङ्घसंस्थाका प्रतिनिधिहरू, प्राज्ञिक वर्ग र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरू गरी करीब पाँच सय जनाको सहभागिता रहेको थियो ।

# उपभोक्ताको अधिकार मानव अधिकार : अध्यक्ष शर्मा

राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको उपभोक्ता अधिकार संरक्षण सम्वर्द्धनको लागि अनुगमन मार्गनिर्देशिका २०५८ जारी भएको दिनलाई अवसर पारेर आयोगबाट "उपभोक्ता अधिकार संरक्षणमा सरोकारवालाको भूमिका" विषयक एक अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आयोगका अध्यक्ष अनूप राज शर्माले उपभोक्ताको अधिकार मानव अधिकार भएकाले आयोगले आम उपभोक्ताको अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि नै मार्गनिर्देशिका तयार गरी अनुगमन तथा प्राप्त उजुरीहरू उपर अनुसन्धान गरिरहेको जानकारीगराउनुभयो।उपभोक्ताकोअधिकार संरक्षणको लागि उपभोक्ता आफै जागरुक र सजग हुनुपर्नेमा जोड दिँदै त्यस्तो सजगता र जागरुकताबाट पनि उपभोक्ताको अधिकार संरक्षण हुन सकेन भने आयोग सदैव क्रियाशील रहनेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा शिक्षा सचिव शान्तबहादुर श्रेष्ठले आयोगले बनाएको निर्देशकाको सम्मान गर्दै उपभोक्ता अधिकारलाई पाठयक्रममा समावेश गर्न रहेको चुनौतीहरूको बारेमा जानकारी गराउनु एको थियो । कार्यक्रममा मानव अधिकार अधिकृत मन्जु खतिवडाले उपभोक्ता अधिकारको संरक्षणमा मानव अधिकार आयोगबाट भएका प्रयास र संरक्षणसम्बन्धी कार्यहरूको प्रस्तुति राख्नुभएको थियो, जसमा आयोगले उपभोक्ता अधिकारको संरक्षणमा गरेका कार्य, प्राप्त भएका उजुरी, सिफारिश तथा अनुसन्धानको बिवरण समावेश गरिएका थिए । विषयवस्तुमा केन्द्रित रही उपभोक्ता अधिकारकर्मी ज्योती बानिया, विमला खनाल, शत्रुघनप्रसाद देव लगायतले आ आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा नेपाल सरकार, चिकित्सा क्षेत्रका विद्यार्थी, उपभोक्ता अधिकारकर्मी, नागरिक समाज, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहको उपस्थिति रहेको थियो ।

# आप्रवासी कामदारको अवस्था र चुनौती विषयक अन्तरक्रिया सम्पन्न

**नेपालगञ्ज**

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा आप्रवासी कामदारको अवस्था र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम नेपालगञ्ज उपमहानगरपालिका बाँकेमा सम्पन्न भयो।

कार्यक्रममा बाँकेका प्रमुख जिल्ला अधिकारी रविलाल पन्थले आप्रवासी कामदारहरूलाई श्रम स्वीकृति भएका देशहरूमा मात्र वैधानिक रूपले जानका लागि नेपाल सरकारले अनुमति प्रदान गरेको बताए। उहाँले जिल्ला प्रशासन कार्यालय बाँकेबाट मासिक रूपमा औसत ९ सय जनाले राहदानी (पासपोर्ट) लिने गरेको र पछिल्लो नौ महिनाको अवधीमा ७७८९ जनाले बाँके प्रशासनबाट पासपोर्ट लिएको तथ्याङ्क रहेको उहाँको भनाइ थियो। वैदेशिक रोजगारीका लागि २०७३ फागुनदेखि २०७४ जेठसम्म ६,१३८ जना भारत जाने गरेको अधिकारीले जानकारी दिनुभयो। खुला सीमाका कारण नेपालबाट रोजगारीका लागि भारतमा जाने र कुनै समस्या, अप्ठ्यारो भएको खण्डमा तत्काल उद्दारका लागि औपचारिक रूपमा कठिनाइ तथा ढिलाइ हुने हुने हुँदा त्यसमा अनौपचारिक रूपमा भने विभिन्न सङ्घसंस्था तथा प्रशासनसँगको समन्वयमा उद्धार गर्ने गरिएको उहाँको भनाइ थियो। उद्धार गरिएकाहरूको संरक्षणका लागि पुनर्स्थापना गृह आवश्यक रहेको र रोजगारको अधिकारलाई राजनीतिक रूपमा प्राथमिकतामा राखिनुपर्नेमा उहाँको जोड थियो।




कार्यक्रममा आयोगका क्षेत्रीय कार्यालय नेपालगञ्जका प्रमुख मुरारीप्रसाद खरेलले कार्यक्रमको सहजीकरण गर्दै भारतबाहेक अन्य मुलुकमा करीब ३० लाख भन्दा बढी नेपालीहरू वैदेशिक रोजगारीमा गएका, कूल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदान २२ प्रतिशत रहेको, नेपालको ५६ प्रतिशत घर परिवारमा रेमिटेन्सको प्रवाह हुने गरेको भए पनिआप्रवासी कामदारहरूको वास्तविक तथ्याङ्क अद्यावधिक नभएको उल्लेख गर्नुभयो। आयोगले आप्रवासी कामदार र तिनीहरूका परिवारहरूको अधिकार संरक्षण गर्ने महासन्धीको हस्ताक्षर र अनुमोदनका लागि सिफारिश तथा अधिकार संरक्षणका लागि श्रम मन्त्रालय, श्रम विभाग र सरकारका अन्य सरोकारवाला निकायसँग निरन्तर वार्ता, छलफल गरी नेपाल सरकारको ध्यानाकर्षण गराउदै आएको उहाँको कथन थियो।

आयोगका मानवअधिकार अधिकृत टंकप्रसाद खनालले सञ्चालन गर्नुभएको सो कार्यक्रममा स्थानीय प्रशासन, सुरक्षा निकाय, वैवेदशिक रोजगारीको क्षेत्रमा काम गर्ने विभिन्न सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, कानूनव्यवसाथी, सञ्चारकर्मी, स्थानीय महिला, आमा समुह, वैदेशिक रोजगारीबाट फर्किएका महिला तथा पुरुषहरू, मधेशी, दलित, मुश्लिम, थारु समुदायका प्रतिनिधि एवम् स्थानीयको सहभागिता रहेको थियो।

# बाढी प्रभावित पीडितको अवस्था : अनुगमन

**कैलाली**

भदौ २९र ३० मा कैलाली जिल्लाका टीकापुर, भजनी त्रिशक्ति, लम्की चुहा, घोडाघोडी नगरपालिकाका विभिन्नस्थान बाढीको कारण डुबानमा परी जनजीवन अस्तव्यस्त हुन पुगेको थियो । भदौको अन्तिम सातादेखि भएको अबिरल वर्षापश्चात्भएको जनधनको क्षति, उद्धार, राहतसम्बन्धी अवस्था जानकारी लिन र आवश्यक कारबाही अगाडि बढाउन आयोगको क्षेत्रीय कार्यालय धनगढीका नि. निर्देशक दीपकजंगध्वज कार्की, मानव अधिकार अधिकृत पवनकुमार भट्ट र मानव अधिकार सहायक महिमा चौधरीको टोलीले स्थलगत अनुगमन गरेको थियो। अनुगमनको क्रममा पीडित, नागरिक समाजका प्रतिनिधि, पत्रकार, सुरक्षानिकाय, स्थानीय निकायका मेयर, उपमेयर, स्थानीय प्रशासन तथा जनप्रतिनिधिसँग भेटघाट तथा छलफल गरेको थियो।

अनुगमनको क्रममा कैलाली जिल्लाको दक्षिणपूर्वी

क्षेत्रको जनजीवन निकै प्रभावित भएको, भजनी टीकापुर, लम्की चुहा, घोडाघोडी नगरपालिका तथा जानकी,केलारी गाउँपालिकामा बाढी तथा डुवानको कारण २५०० घर परिवारका ब्यक्तिहरू बिस्थापित भएको भन्ने स्थानीय प्रशासनको भनाइ रहेको पाइएको थियो । यता सर्वसाधारण र जनप्रतिनिधिहरूको अझसम्म पनि एकीन तथ्याङ्क आउन नसकेको भनाइ थियो । पीडितमा झाडापखाला, ज्वरो, रुघाखोकी, टाउको तथा पेट दुख्ने जस्ता समस्यालाई सम्बोधन गर्न जिल्ला जनस्वास्थ्य कार्यालय कैलालीले बिभिन्न सङ्घसस्थाहरूसँग समन्वय गरेर शिविरको सञ्चालन गरिए पनि प्रर्याप्त औषधी उपलब्ध हुन नसकेको अवस्था छ ।




# आयोगबाट मानव अधिकार स्थिति पत्र सार्वजनिक




**ललितपुर**

आयोगले गत तीन वर्षमा गरेका मानव अधिकार संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्यहरूको विवरण एक कार्यक्रमका बीच सरोकारवाला निकाय, मानव अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाज, गैरसरकारी संस्थाहरूको बीचमा सार्वजनिक गरेको छ । आयोगले मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा खेलेको भूमिका, सम्पन्न भएका कार्यहरू र आगामी योजनाको बारेमा स्थितिपत्रमा उल्लेख गरिएको थियो ।

आयोगका माननीय सदस्य प्रकाश वस्तीले स्थितिपत्र प्रस्तुति गर्दै आयोगको रणनीतिक योजनाले मार्गदर्शन गरेको प्राथमिकताहरूलाई आत्मसात गर्दै संविधान र प्रचलित कानूनले दिएको अधिकारक्षेत्रअन्तर्गत रही आयोगले कार्य गरिरहेको जानकारी गराउनुभएको थियो । आयोगका सचिव वेदप्रसाद भट्टराईले सहभागीहरूलाई स्वागत गर्दै आयोगले राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पनि समन्वय र सहकार्य गर्दै नेपाली नागरिकको मानव अधिकार संरक्षणमा भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो । कार्यक्रमको समापन गर्दै आयोगका अध्यक्ष अनूपराजशर्मालेकार्यक्रममासहभागीहरूबाट आएका सुझावहरू स्वीकारयोग्य भएकाले ग्रहण गरी आयोगले क्रमशः कार्यान्वयनमा ल्याउने जानकारी दिनुभयो ।

स्थिति विवरण सार्वजनिक कार्यक्रमको सञ्चालन आयोगका मानव अधिकार अधिकृत श्रीराम अधिकारीले गर्नुभएको थियो । आयोगका क्षेत्रीय कार्यालय तथा उपक्षेत्रीय कार्यालयहरूमा समेत एकै मिति र समयमा सो स्थितिपत्र सार्वजनिक गरिएको थियो ।

# यातना विरुद्धको अधिकार : प्रशिक्षण

**खोटाङ**

राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीयकार्यालय खोटाङको आयोजनामा सुरक्षासम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। जिल्ला प्रहरी कार्यालय खोटाङमा कार्यरत प्रहरी अधिकृत तथा जवनाहरूलाई मानवअधिकार, आयोगको काम कर्तव्य र अधिकार तथा यातनाविरुद्धको महासन्धि १९८४ तथा यातनाविरुद्ध राष्ट्रिय कानूनी व्यवस्था र संयन्त्रबारे प्रशिक्षण दिइएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा प्रहरी नायव निरीक्षकदेखि प्रहरी जवान गरी २६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा सगरमाथा अञ्चल प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक बलरामशर्मा पौडयालले प्रहरी सङ्गठन मानवअधिकारको पालनाको लागि प्रतिवद्ध रहेको, यातनाका विषयलाई गम्भीर रूपमा लिइने गरिएको छ। कर्तव्य पालनाको सिलसिलमा रहेका प्रहरी कर्मचारी जिम्मेवार हुनाले पनि यति संवेदनशील विषयमा प्रहरी प्रशासनले आँखा चिम्लन नसक्ने भन्दै आयोगसँगको समन्वय र सहकार्यमा मानव अधिकार संरक्षणको लागि प्रहरी सदैव क्रियाशील रहने प्रतिवद्धता जाहेर गर्नुभयो। जिल्लाप्रहरी कार्यालय खोटाङका प्रहरी प्रमुखप्रहरी नायव उपरिक्षक नविनकिशोर प्रधानले प्रहरी सेवाभित्र यातनाको विषयलाई शून्य सहनशीलताको नीतिअन्तर्गत राखिएको हुँदा अपराध अनुसन्धानदेखि शान्तिसुरक्षा कायम गर्ने प्रत्येक कार्यमा मुस्कानसहित सेवालाई निरन्तर दिन प्रहरी लागिपर्ने उल्लेख गर्नुभएको थियो। मानव अधिकार आयोगका खोटाङ कार्यालयका प्रमुख मोहनदेव जोशीले मानवअधिकार, आयोगको काम, कर्तव्य र अधिकार तथा यातनाविरुद्धको महासन्धि १९८४ तथा यातना विरुद्ध राष्ट्रिय कानूनी व्यवस्था र संयन्त्रबारे प्रशिक्षण दिनुभएको थियो।

# विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यशाला सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट सन् २०१८ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा पेश गर्नुपर्ने मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रतिवेदन तयारीकोलागि सरोकारवाला निकायहरूबीच एक कार्यशाला सम्पन्न भएको छ। प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय र विगतको सुझावको कार्यान्वयनको सम्बन्धमा कार्यशालामा छलफल एवम् परामर्श गरिएको थियो। कार्यशालामा समूह छलफल र भूमिका निर्वाहको माध्ययमबाट पनि सुझाव सङ्कलन गरिएको थियो। कार्यशालामा आयोगकी माननीय सदस्य मोहना अन्सारीले कार्यशलाबाट प्राप्त सुझावलाई आयोगले आगामी प्रतिवेदनमा समावेश गर्ने तथा विश्वव्यापी आवधिक समीक्षाबाट नेपाल सरकारलाई प्राप्त सिफारिशहरूको कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्ने जानकारी गराउनुभयो। कार्यशालामा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा विभिन्न मन्त्रालय,गैसस महासङ्घ, अपाङ्गताको क्षेत्रमा कार्यरत सङ्घसंस्था,सामाजिक सङ्घसंस्था, नागरिक समाज, सञ्चार जगत, एवम् सरोकारवाला सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरूको उपस्थिति थियो।

# द्वन्द्वका पीडित महिलालाई न्याय दिनुपर्ने

**ललितपुर**

एकल महिला समूहले आयोजना गरेको द्वन्द्व प्रभावित महिलाहरूको न्याय, सहभागीता र सशक्तिकरण विषयक राष्ट्रिय कार्यशाला गोष्ठीको सम्पन्न भयो। कार्यक्रममा समापन समारोहका प्रमुख अतिथि तथा आयोगका माननीय सदस्य प्रकाश वस्तीले द्वन्द्व नहुनुपर्थ्यो, भयो, अब छिटोभन्दा छिटो पीडितका माग सम्बोधन गरिनुपर्ने आवश्यकतालाई औँल्याउनुभयो। सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित आयोगहरू आयोग गठन भइसके पनि अपेक्षित कार्यहरू हुन नसकेको अवस्था छ। अतः आयोगले द्वन्द्वपीडित महिलाहरूलाई न्याय दिन आग्रह गर्नुभयो। कार्यक्रममा बेपत्तापीडितएवम् महिला तथा द्वन्द्व प्रभावित महिलाहरूको उपस्थिति रहेको थियो।

# मानव अधिकार तालीम

सशस्त्र प्रहरी प्रधान कार्यालयले सशस्त्र प्रहरीका अधिकृतहरूका लागि आयोजना गरेको मानव अधिकारसम्बन्धी तालीममा आयोगले श्रोत व्यक्तिको रूपमा उपस्थित भइ प्रशिक्षण दिएको छ। प्रशिक्षकको रूपमा उपनिर्देशक, यज्ञप्रसाद अधिकारी, मानव अधिकार अधिकृतद्वय मञ्जु खतिवडा र मायादेवी शर्मा रहनुभएको थियो। प्रशिक्षणमा मानव अधिकार, अन्तराष्ट्रिय मानवीय कानून र अन्तराष्ट्रिय मानव अधिकार कानून, मानव अधिकार संरक्षण र सम्वर्द्धनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका र नेपालमा यातनारुिद्धमा भएका कानूनी प्रावधानहरू लगायतका विषय समावेश गरिएका थिए। तालीममा ३० जना अधिकृतहरू सहभागी रहेका थिए।

# मानव अधिकार अनुसन्धान तथा उजुरी एवम् निर्णय

**ललितपुर**

आयोगको केन्द्रिय कार्यालयले गत साउन महिनामा आयोगको अनुसन्धान महाशाखाको तीनवटा टोलीले काठमाडौं र नुवाकोट, ललितपुर र धादिङ, काभ्रेपलान्चोक र भक्तपुरमा गरी जम्मा २७ वटा अनुसन्धान भएका छन् । जसमा हत्या, यातना, जाहेरी दरखास्त दर्ता नगरेको, शिक्षकबाट दुर्व्यवहार भएको, विना पक्राउ पूर्जी पक्राऊ, अदालतको आदेशबाट पनि थुनुवा मुक्त नभएको, बालबालिकामाथि कुटपीट, प्रहरीको यातनाको कारण मृत्यु,, चिकित्सको लापरबाही, यौनिक अल्पसङ्ख्यक आदि मुख्य छन ।

आयोगको केन्द्रीय कार्यलयमा २०७४सालसाउनमा जम्मा १४वटा उजुरीहरू उजुरी दर्ता कितावमा दर्ता भई कारबाही प्रारम्भ भएकोछ । आयोगमा फेसबुक तथा ट्विटरको माध्यमबाट प्राप्त हुन आएको ४१ वटा उजुरीहरू प्राप्त भएको उजुरीको गाम्भीर्यता हेरी प्रारम्भिक जाँचबुझको कार्य अगाडि बढाइएकोछ । आयोगमा यस महिना कुल ६२ जना पीडित/सेवाग्रहीलाई परामर्श र रायसल्लाह उपलब्ध गराइएको छ । आयोगको क्षेत्रीय कार्यालयको अधिकारक्षेत्रभित्र पर्ने ११थान उजुरीहरूलाई आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयहरू तथा उपक्षेत्रीय कार्यालयहरूमा पठाइएको छ । आयोगमा पर्न आएका उजुरीहरूमा मुख्य रूपले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, जीवनको अधिकार, साइवर अपराधको कारणले मानव अधिकार हनन्, यौनिक अल्सङ्ख्यकको अधिकार, रोजगारीको अधिकार आदि रहेका छन् ।कतिपय अनुसन्धान स्वविवेकीय उजुरी ग्रहणमा आधारित छन् । यस अवधिमा उजुरी निरुपणसम्बन्धमा आयोगबाट चार पटक बैठक बसी जम्मा १०३ वटा उजुरीहरूउपर आयोगले निर्णयभएको छ ।

# कारागार अनुगमन

**धनगढी**

कैलाली जिल्ला कारागारमा कैदी बन्दीहरूलाई कुहिएको चामल भन्ने शीर्षकमा कैलाली जिल्लाबाट प्रकाशित अनुमोदन दैनिक तथा स्थानीय दिनेश एफएमबाट समाचार सम्प्रेषणपश्चात् आयोग अनुगमनको लागि टोली खटाएको थियो । टोलीमा आयोगका नि. निर्देशक दीपकजंगध्वज कार्कीको नेतृत्वमा मानव अधिकार अधिकृत पवनकुमार भट्ट, मानव अधिकार अधिकृत लक्ष्मी पौडेल, लेखा अधिकृत दीपक कार्की रहनुभएको थियो । टोलीले २०७४ साउन १ सो कारागारको स्थलगत अनुगमन गरेको थियो ।



अनुगमनको क्रममा टोलीले कारागारका विभिन्न ब्लकमा रहेका कैदीबन्दीसँग खाद्यान तथा स्वास्थ्यका विषयमा आवश्यक जानकारी लिनुका साथै वितरित चामलको नमूनासमेत अवलोकन गरेको थियो । यसको साथै खाद्य संस्थाबाट खरीद भई आएको नयाँ लटको चामलसँग सम्वन्धित बिल भौचर, वितरण चार्ट लगायतका काजपत्रसमेतको बारेमा जानकारी लिएको थियो ।

अनुगमनको क्रममा पत्रपत्रिका भनिएको जस्तो कुहिएको चामाल वितरण नगरिए पनि खाद्यान्न भण्डारणमा स्थानको अभावका साथै वर्षात्को पानीको कारण ओसको समस्या हुने गरेको पाइएको थियो । अनुगमनका क्रममा जीर्ण अवस्थामा रहेको कारागार शाखा कैलालीमा १२५ जना कैदीबन्दी राख्ने क्षमता भए पनिचार गुणा बढी ४०२ जना कैदीबन्दी राखिएको अवस्था थियो । जसको कारण अत्यन्त भीडभाड, कोठाबाहिर समेत त्रिपाल राखी सुत्नपर्ने बाध्यता, शौचालय, सरसफाइ तथा पानीको समेत समस्या रहेको स्थिति थियो । टोलीले कारागारको भौतिक अवस्था, कैदीबन्दीको सङ्ख्या, स्वास्थ्य लगायतका विषयमा समेत जानकारी लिई खाद्यान्न भण्डार, स्वास्थ्य एवम् सरसफाइका सम्बन्धमा तत्काल आवश्यक प्रबन्ध गर्न लागि सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराएको थियो । अनुगमन टोलीले कारागार प्रशासन, चौकीदार, खाद्य संस्थान क्षेत्रीय कार्यालय कर्मचारीहरू, सुरक्षाकर्मीसँग छलफल समेत गरेको थियो ।

# सूचनाको हक सम्बन्धमा आयोगका गतिविधि

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित गर्नुपर्ने त्रैमासिक कार्यसम्पादन विवरणका (प्रमुख क्रियाकलापहरू) को २०७४ वैशाखदेखि असारसम्मको विवरण आयोगको सूचना अधिकारीबाट प्रकाशित गरिएको छ। प्रकाशित विवरणमा आयोगको स्वरूप र प्रकृति, आयोगको दूरदृष्टि, आयोगको ध्येय, आयोगको लक्ष्य, आयोगको मूल्यमान्यता, आयोगको रणनीतिक उद्देष्य, आयोगको पाचौँ रणनीतिक योजना (२०१५-२०) का प्राथमिकताहरू रहेका छन्। त्यसै गरी आयोगको काम, कर्तव्य र अधिकार, आयोगमा रहने कर्मचारी सङ्ख्या, दरबन्दी विवरण र कार्य विवरण, आयोगको साङ्गठनिक संरचना, आयोगका विभागहरू, र विभागले गर्ने कामहरूको बारेमा उल्लेख छ। यसको साथै आयोगबाट प्रदान गरिने सेवा, आयोगका विभाग, महाशाखा, शाखा, एकाइ र प्रमुख जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रक्रिया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारीको विषय पनि समावेश गरिएको छ।आयोगले २०७४ वैशाखदेखि असार मसान्तसम्मसम्पादन गरेको प्रमुख कामको विवरण, सूचना अधिकारी र कार्यालय संस्था प्रमुखको नाम र पद, आयोग सम्बद्ध सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची, यस अवधिको आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण पनि उल्लेख गरेको छ।

विवरणमा आयोगमायस अवधिमा प्राप्त उजुरीहरू, अनुगमन, अनुसन्धान, सम्वर्द्धन आदि विषय छन्। संसद्को मानव अधिकार समितिसँगमानव अधिकारको अवस्थाको सम्बन्धमा छलफल, स्थानीय निकायको निर्वाचन, निर्वाचन भएका सबै जिल्लामा निर्वाचन अनुगमन, निर्वाचन लक्षित रेडियो सन्देशहरूको बारेमा उल्लेख छ। यसअलवा मानव अधिकारका अन्य विषयमा अनुगमन, अनुसन्धान, सम्वर्द्धनसम्बन्धी कार्यहरूको बारेमा उल्लेख छ। मानव अधिकारका विभिन्न विषयमा अन्तरक्रिया, मानव अधिकार रक्षक र सुरक्षा निकायका लागि तालीमहरू सञ्चालन, घरघरमा मानव अधिकार शिक्षा कार्यक्रमहरू पनि समावेश छन्, जसमा जिल्लाहरूमा मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन, मानव अधिकार शिक्षासम्बन्धी सामग्रीहरू प्रकाशन, आयोगको वार्षिक उत्सव कार्यक्रम, आयोगको तीन वर्षे स्थिति विवरण सार्वजनिक, मानवअधिकार सूचना प्रकाशन, सार्वजनिक सुनुवाइ कार्यक्रम छन्।

त्यस्तै आयोगको वार्षिक कार्ययोजना तर्जुमा, भूकम्प प्रभावितको पछिल्लो अवस्था सम्बन्धमा प्रतिवेदन, आयोगका महत्त्वपूर्ण निर्णयहरूको सँगालो प्रकाशन छन्। मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक तथा अभिलेखिकरण गर्ने सम्बन्धी निर्देशिकाको मस्यौदाको तय, मानव बेचविखनविरुद्धको राष्ट्रिय प्रतिवेदन २०१५/१६ (आ.व. २०७३/०७४) को प्रकाशन गरी मिति २०७४ असार २० गते सार्वजनिकीकरण, १८ वटा प्रेस विज्ञप्तिहरूलगायत नियमित प्रशासनिक कार्यहरू सम्पन्न भएको व्यहोरा उल्लेख छ।

यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम ३ महिने नियमित सूचना प्रकाशित गरिएको, आयोगमा सूचना माग गरी निवेदन दिने दुई जनालाई सूचना उपलब्ध गराइएको, सूचनाको हकसम्बन्धी कार्यक्रमहरूमा सहभागिता जनाइएको, आयोगले प्रवाह गर्ने र नगर्ने सूचनाको वर्गीकरण गरी सो को विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सूचना आयोगमा पठाइएको उल्लेख छ। आयोगको केन्द्रीय कार्यालयबाट प्रकाशित उक्त त्रैमासिक प्रतिवेदन आयोगको वेभसाइट (http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Quaterly_Performnce_Details_Report_Baishak_Asar_2074.pdf) मा पनि हेर्न सकिने छ।यस्तै आयोगका सबै क्षेत्रीय कार्यालयहरूले समेत आआफ्नो कार्यालयको त्रैमासिक विवरण प्रकाशन गरेका छन्।

---

## सूचना अधिकारीहरूमा हेरफेर

राष्ट्रिय मानव अधिकार आयोगका विभिन्न कार्यालयमा सूचना अधिकारीहरूको जिम्मेवारी हेरफेर गरिएको छ। आयोगका ती कार्यालयमा यसअघि कार्यरत सूचना अधिकारीहरू सरुवा भई अन्यत्र कार्यालयमा पदस्थापन भएका कारण रिक्त स्थानमा नयाँ सूचना अधिकारीहरू तोकिएको हो।

जसअनुसार क्षेत्रीय कार्यालय जनकपुरमा रेवा रेग्मी, क्षेत्रीय कार्यालय पोखरामा खिमलाल सुवेदी, क्षेत्रीय कार्यालय, नेपालगञ्जमा टंकप्रसाद खनाल, क्षेत्रीय कार्यालय, धनगढीमा लक्ष्मी पौडेल र उपक्षेत्रीय कार्यालय जुम्लामा धनराज शाहीलाई सूचना अधिकारी तोकिएको छ।

आयोगका सबै कार्यालयहरूको सूचना अधिकारीहरूको नाम आयोगको वेभसाइट (http://www.nhrcnepal.org/nhrc_activities_details-200.html )मा हेर्न सकिन्छ।

# आयोगद्वारा मानव अधिकार प्राथमिकताका सवालहरू निर्धारण

**नेपालगञ्ज**

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा बाँके जिल्लाको मानव अधिकार प्राथमिकताका सवाल निर्धारणसम्बन्धी छलफल कार्यक्रमनेपालगञ्जमा सम्पन्न भयो।आयोगले आगामी दिनमा मानव अधिकारका प्राथमिकताका सवालहरू निर्धारण गरेर अगाडि बढ्ने उद्देश्य तथा योजनाअनुसार उक्त कार्यक्रम आयोजना गरिएको थियो।

सरोकारवाला निकायसँग छलफल गरी प्राप्त सुझावका आधारमा राष्ट्रिय योजना आयोगमा नीतिगत सिफारिश गर्ने आयोगका क्षेत्रीय निर्देशक मुरारीप्रसाद खरेलले बताउनुभयो। प्रमुख जिल्ला अधिकारी रवीलाल पन्तले भन्नुभयो–आयोगले मानवअधिकारका प्राथमिकताका सवाल छनौट गरी सोहीबमोजिम आगामी दिनमा कार्य गरेमा सामाजिक न्याय र मानव अधिकारको प्रत्याभूति हुन्छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकप्रसाद राईले शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा, महिला, बालबालिका तथा वातावरण एवम् विकासको अधिकारलाई आयोगले प्राथमिकता दिनुपर्ने उल्लेख गर्नुभयो। बालविवाह, बालश्रम, विद्यालयमा हुने शारीरिक डण्डसजाय, यातना तथा कुटपिट, सार्वजनिक सेवा प्रवाह तथा पोषण युक्त खाद्य अधिकारका सवालमा जोड दिनुपर्ने जिल्ला शिक्षा अधिकारी भीमबहादुर साउँदको भनाइ थियो।

कार्यक्रमा सहभागी सरोकारवालाहरूले बाँके जिल्लामा बालअधिकारसँग सम्बन्धित बाल विवाह, बालश्रम, बालबालिका माथि हुने शारीरिक दण्डसजाय, महिला अधिकारसँग सम्बन्धित घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार, मानव वेचविखन, जेष्ठ नागरिकका अधिकार, अपाङ्गता भएका व्यक्तिको पहुँच र संरक्षण हुनुपर्नेमा जोड दिएका थिए। त्यसै गरी द्वन्द्वपीडितलाई न्याय, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, सबै प्रकारका विभेद, खाद्य अधिकार तथा खाद्य सुरक्षा, वातावरणीय अधिकार, स्वास्थ्य तथा सरसफाई, विकासको अधिकार, प्राकृतिक प्रकोप, भौतिक पूर्वाधारको विकास, कानुनी सचेतनाजस्ता सवाललाई प्राथमिकतामा राखिनुपर्ने उनीहरूको भनाइ थियो।

कार्यक्रममा जिल्लास्थित मानवअधिकारकर्मी, नागरिक समाज, कानूनव्यवसायी, सामाजिक सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## आयोगको प्रकाशनहरू















### राष्ट्रिय मानव अधिकार आयोगको

## रेडीयो सचेतनामूलक कार्यक्रम “सिमान्तकृत आवाज”

**Radio City FM, Kathmandu- 98.8 MHz**

(Every Tuesday, 6.00 – 6.15 PM)

**Nuwakot FM, Nuwakot- 106. 8 MHz**

(Every Tuesday, 6.00- 6.15PM)

**Radio Sailung, Dolakha- 92.7 MHz**

(Every Tuesday, 5.45- 6.00 PM)

**Radio Program Download Link:**

http://www.nhrcnepal.org/nhrc_radio.html

## सबैकालागि घर घरमा मानवअधिकार, शान्ति र विकासको आधार

के तपाइको मानवअधिकार उल्लंघन भएको छ ? यदि तपाइको मानवअधिकार उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिन सकिन्छ। उजुरी दिने, जानकारी तथा सूचना दिने व्यक्तिको नाम गोप्य राखिनेछ। विस्तृत जानकार ीका लागि राष्ट्रिय मानवअधिकार आयोग केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर। फोन नं ०१-५०१००१५, पोष्ट बक्स नं ९१८२ तथा वेवसाइट www.nhrcnepal.org मा समेत उजुरी दिने व्यवस्था मिलाइएको छ। उजुरी गर्दा कुनै शुल्क वा दस्तुर लाग्दैन। साथै आयोग सम्बन्धी सूचना तथा थप जानकारीको लागि अयोगको Facebook: NepalNHRC र Twitter: @NepalNHRC फ्लो गर्न सक्नु हुनेछ।

### सबैका लागि घर घरमा मानवअधिकार, शान्ति र विकासको आधार

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, अल्पसंख्यक तथा पछाडि पारिएका वर्गको राज्यको नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरौं।

### सबैका लागि घर घरमा मानवअधिकार, शान्ति र विकासको आधार

राष्ट्रिय मानवअधिकार आयोगले मानव अधिकारका बारेमा सचेतना अभियान संचालन गरिरहेको छ। तपाईका घर, गाउँ र क्षेत्रमा भएका मानवअधिकार हन्नको सम्बन्धमा उजुरी तथा जानकारी दिई मानवअधिकार संरक्षण र सम्बर्द्धनको अभियानमा सहभागी बनौ।

## बाढी प्रभावित क्षेत्रहरुमा मानवीय सहायता पुऱ्याउन आयोगले नेपाल सरकारसमक्ष सिफरिस गर्दै श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

विशेष
(आमसञ्चार माध्यममा प्रकाशन प्रयोजनको लागि)

२०७४ भदौ १ गते

**आयोगद्वारा बाढी प्रभावित क्षेत्रहरुमा मानवीय सहायता पुऱ्याउन नेपाल सरकारलाई सिफारिस सहितको पत्राचार ।**

हालैको अविरल वर्षाका कारण डुबान तथा बाढी पहिरोबाट विभिन्न जिल्लाहरुमा भएको ठूलो जन-धनको क्षति तथा मानवीय संकटप्रति आयोगले गहिरो दुःख व्यक्त गर्दै राहत उद्धार तथा स्वास्थ्य सेवाको लागि प्रभावकारी कार्य गर्न गराउन सिफारिसहरु सहितको पत्र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई आज पठाएको छ ।

बाढी प्रभावित क्षेत्रहरुमा केन्द्रीय विपद् व्यवस्थापन समिति र जिल्ला व्यवस्थापन समितिबाट राहत, उद्धारको लागि प्रभावकारी कार्य गर्न, गराउन तथा थप जोखिमको अवस्था आउन नदिन आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।

साथै, आयोगले डुबान तथा बाढी प्रभावित जिल्लाहरुमा बाढी पीडितहरुको उद्धार, राहत वितरण, बसोबास तथा औषधोपचारको व्यवस्थामा केन्द्रित रही विशेष अनुगमन गरिरहेको छ । रौतहट, बारा, पर्सा, मोरङ लगायतका जिल्लाका केही स्थानमा खाद्यान्न, त्रिपाल लगायतका राहत सामग्रीहरु नपुग्दा बाढी पीडितहरु समस्यामा परेको अनुगमनको क्रममा बुझिएको छ ।

प्राकृतिक प्रकोपपश्चात् देखा पर्न सक्ने सरुवा रोगको प्रकोप तथा महामारीबाट संरक्षणका लागि चिकित्सकहरुको अस्थायी टोलीहरुको व्यवस्था तत्काल गर्न, गराउन तथा बाढी पीडितहरुको मानव अधिकारको रक्षार्थ उद्धार र राहत कार्यमा तीव्रता दिन आयोग नेपाल सरकार लगायत सबै सरोकारवालाहरुलाई पुनः आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य / प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

## मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरौं ।

# उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन् ।

उजूरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ।
मानव अधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्न छ।

### उजूरी दिने ठेगाना:

## राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल

फोन: ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००

इमेल: complaints@nhrcnepal.org Website: www.nhrcnepal.org

Facebook: www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal

Twitter: @NepalNHRC

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, वरगाछी, विराटनगर,**
**फोन**: ०२१-४६१९३१, ४६१०९३, **फ्याक्स**: +९७७-२१-४६११००, **इमेल** : nhrcbrt@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर,**
**फोन**: ०४१-५२७८११, ५२७८१२ **फ्याक्स**: +९७७-४१-५२७२५० **इमेल** : nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा,**
**फोन**: ०६१-४६२८११, ४६३८२२, **फ्याक्स**: ९७७-६१-४६५०४२, इमेल :nhrcpkr@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज,**
**फोन**: ०८१-५२६७०७, ५२६७०८, **फ्याक्स**: ९७७-८१-५२६७०६, **इमेल** :nhrcnpj@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी,**
**फोन**: ०९१-५२५६२१, ५२५६२२, **फ्याक्स**: ९७७-९१-५२५६२३, **इमेल** :nhrcdhn@nhrcnepal.org

**दिक्तेल, खोटाङ्ग,** **फोन**: ०३६-४२०२८४, **इमेल**: nhrckht@nhrcnepal.org

**बुटवल, रुपेन्देही,** **फान**: ०७१-५४६९११, **इमेल**: nhrcbtl@nhrcnepal.org

**जुम्लाबजार, जुम्ला,** **फोन**: ०८७-५२०२२२, **इमेल**: nhrcjum@nhrcnepal.org

मानव अधिकार पत्र प्रकाशन समिति:
संयोजक: यज्ञ प्रसाद अधिकारी
सदस्यहरू: सुबोध पोखरेल, श्रीराम अधिकारी, हरिप्रसाद ज्ञवाली, कैलाश सिवाकोटी र दुर्गा पोखरेल